# प्रेस विज्ञप्ति- २१३
# Press Release-213

लागु औषध नियन्त्रण व्यूरो
NarcoticsControlBureau
कोटेश्वर, काठमाडौ
मिति: २०७५।०१।०३ गते।

## ईन्धन बोक्ने ट्यांकर भित्र लुकाई छिपाई राखेको १६० किलो अवैध लागु औषध गाँजा सहित २ जना मानिस पक्राउ।

मिति २०७५।०१।०१ गते ०५:३० बजे लागु औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला मकवानपुर थाहा नगरपालीका वडा नं.११ ठेगाना भएका वर्ष २२ को सोम बहादुर थोकर र ऐ.जिल्ला कैलाश गाँउ पालिका वडा नं. २ ठेगाना भएका वर्ष ३६ को ईमान सिंह स्याङ्बोलाई **ना.४ ख. ५३६८ नं.को ईन्धन बोक्ने ट्यांकर** भित्र अगाडी क्याबिनमा ७ वटा प्लाष्टिकका बोराहरु भित्र प्लाष्टिकमा प्याक गरी डोरीले बाँधिएका १७ वटा पोकाहरुबाट **जम्मा १६० किलो Compressed गरिएको अवैध लागु औषध गाँजा (चिप्पड)** सहित उक्त तेल ट्यांकर र २ जना मानिसहरुलाई जिल्ला काठमाण्डौ चन्द्रागिरी न.पा. वडा नं.२ झ्याप्ले खोला स्थित सडक किनारबाट पक्राउ गरिएको छ।

उक्त बरामद अवैध लागु औषध गाँजा ट्यांकरमा लुकाउ-छिपाउ गरी त्रिभूवन राजपथको बाटो प्रयोग गरी जि. सर्लाही मलंगवा हुँदै भारत तर्फ निकासी गर्न लागिएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।

पक्राउ परेका ईमान सिंह स्याङ्बो र सोम बहादुर थोकर विगत लामो समय देखि अवैध लागु औषध गाँजा कारोवारमा संलग्न रहेको समेत प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।

निजहरु उपर यस कार्यालयबाट थप आवश्यक अनुसन्धान कार्य भईरहेको व्यहोरा जानकारीको लागि अनुरोध ।

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com














ईन्धन बोक्ने ट्यांकर भित्र अवैध लागु औषध गाँजा